# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

## (२०८१/०८२ देखि २०८३/०८४)

## अन्तिम प्रतिवेदन, २०८१




बोगटान फुड्सील गाउँ कार्यपालिकाको भवन

**बोगटान फुड्सील गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

चवरा चौतारा, डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल

<u>**सहयोगी निकाय**</u>

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

पुन्ना, डोटी

<u>**प्राविधिक सहयोग**</u>

सोर्स नेपाल

डोटी

# बिषयसूची

परिच्छेद-एक: परिचय ....................................................................................................८
१.१
पृष्ठभूमि...........................................................................................................................८
१.२ राजस्व सुधार योजनाको औचित्य ..........................................................................९
१.३ राजस्व सुधार योजनाले राखेको उद्देश्य ..................................................................९
१.४ योजना तर्जुमा विधि वा प्रक्रिया
.........................................................................................................१०
१.५ योजनाका सीमाहरु
...............................................................................................................................११
परिच्छेद-दुई: बोगटान फुड्सील गाउँपालिकाको संक्षिप्त परिचय ...........................................१२
२.१ बोगटान फुड्सील गाउँपालिकाको संक्षिप्त परिचय ...........................................................१२
२.२ गाउँपालिकाको मानव संशाधनको अवस्था .........................................................................१३
२.३गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था ..................................................................१४
परिच्छेद-तीन: स्थानीय तहको राजस्व अधिकार र आय सम्भावना ......................................१४
३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था .......................१४
३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ......................................१८
३.३ आन्तरिक राजस्व संकलनका प्रमुख क्षेत्र र सम्भावना विश्लेषण .......................................२०
३.३.१ स्थानीय कर राजस्व ........................................................................................................२०
३.३.२ गैरकर राजस्व ..................................................................................................................२५
परिच्छेद-चार: आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था.....................................३०
४.१ राजस्व परिचालन सम्बन्धी नीति ........................................................................................३०
४.२ आय संकलनको संस्थागत व्यवस्था .....................................................................................३१
४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन .........................................................................३२
४.४ राजस्व परिचालनमा रहेका सवालहरु ..................................................................................३७
परिच्छेद-पाँच: राजस्व सुधार कार्ययोजना ...............................................................................३८
५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना .......................................................................३८
परिच्छेद-छ: आगामी तिन बर्षको आय प्रक्षेपण .....................................................................४३
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण .....................................................४४
६.२गाउँपालिकाको आगामी तीन आर्थिक बर्षको राजस्व प्रक्षेपण ॥॥.........................................४७
परिच्छेद-सात: अपेक्षित नतिजा ..................................................................................................४९

परिच्छेद-आठ: अनुगमन तथा मूल्याङ्कन ....................................................................................५०

**तालिकाहरु**

१ बोगटान फुड्सील गाउँपालिकाको प्रशासनिक
विभाजन..................................................................१३
२ बोगटान फुड्सील गाउँ कार्यपालिकाको दरबन्दी तेरिज.........................................................१३
३ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था...........................................१८
४ सम्पत्ति तथा घरजग्गा कर.....................................................................................................२०
५ भूमि कर (मालपोत) ..............................................................................................................२१

६ घर जग्गा बहाल कर
..........................................................................................................२२
७ विज्ञापन कर.................................. ..............................................................................२५
८ स्थानीय राजस्व परामर्श समितिको विवरण:.......................................................................३१
९ आन्तरिक आय परिचालनको वर्तमान अवस्था:....................................................................३२
१० विगत ३ बर्षको आन्तरिक आय परिचालनको अवस्था.........................................................३५
११ राजस्व सुधार
कार्ययोजना..........................................................................................................३९
१२ आगामी आ.ब.का लागि राजस्व प्रक्षेपणका आधारहरु..........................................................४४
१३ चालु आ.ब.को प्रस्तावित आय र आगामी ३ बर्षको आन्तरिक आय क्षेपण....................................४६
१४ आगामी तिन आ.ब.को गाउँपालिकाको आय संरचना................................................................४९

अनुसूचिहरु ...........................................................................................................४९
१ सन्दर्भ सामग्रीहरु ..................................................................................................४९
२ तथ्याङ्क सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची ..............................................५०
३ राजस्व सुधार कार्ययोजना अभिमुखीकरण र मस्यौदा प्रस्तुतिकरणका फोटोहरु..............................५८
४ अनुशिक्षणको प्रश्तुतिका सामग्रीहरु ...............................................................................६०
५ अभिमुखीकरण कार्यक्रम, सूचना संकलन, मस्यौदा प्रस्तुतिकरण र कापा बैठकको निर्णय पुस्तिका..६१

# परिच्छेद-एक: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने उल्लेख गरिएको छ । त्यसैगरी नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानुन बमोजिम गर्ने छ । राज्यशक्तिको बाँडफाँट संविधानको धारा ५७ ले स्पष्टसँग संघ, प्रदेश र स्थानीयमा गरी दिएको छ । सोही धारामा संविधानको अनुसूची ८ मा स्थानीय तहका एकल अधिकारका क्षेत्रहरु तथा अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सम्बन्धमा स्पष्ट उल्लेख गरिएको छ ।

यसको लागि स्थानीय नेतृत्वको विकास गरी स्थानीय शासन पद्धतिलाई सुदृढ गर्दै स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक पक्षलाई संस्थागत गर्न स्थानीय सरकार संचालन ऐन २०७४ कार्यान्वयनमा आएको छ । स्थानीय तहलाई स्वायत्त र उत्तरदायी बनाउनका लागि ऐनको परिच्छेद ९ अन्तर्गत गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्रको निश्चित गरिएको छ । आफ्नो अधिकार क्षेत्रभित्र आफैं स्रोत, साधन संकलन गरी व्यवस्थित योजना पद्धति अनुसार स्थानीय विकास निर्माणका कार्यहरु कार्यान्वयन गर्न स्थानीय तहहरु स्वतन्त्र रहेका छन् । यसको लागि स्थानीय तहलाई पर्याप्त स्रोत र साधनहरुको आवश्यकता पर्ने भएकोले आफ्नो क्षेत्रमा स्रोत साधन परिचालन गर्न वित्तीय अधिकार क्षेत्र किटानी गरिएको छ ।

कर, शुल्क, सेवा शुल्क र दस्तुरहरुमा तथा सिफारिस कार्य गर्नका लागि ऐनले विभिन्न अधिकार क्षेत्रहरु तोकिदिएको छ । स्थानीय तहले आफ्नो स्रोत संकलन र परिचालन गर्न एकीकृत सम्पति कर (सम्पत्ति कर), घरजग्गा कर, भुमिकर/मालपोत, घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु तथा विभिन्न सेवाहरुमा सेवा शुल्क लगाउन सक्ने तथा ढुङ्गा गिट्टी, स्लेट, बालुवा, चुनढुँगा, दहत्तर बहत्तरको बिक्री शुल्क तोक्ने तथा संकलन गर्ने, सामुदायिक वनको आयबाट रोयल्टी प्राप्त गर्ने जस्ता अधिकार दिएको छ ।

ऐनले प्रदेश, गाउँपालिका/नगरपालिकाको बीच रहेका दोहोरो अधिकार क्षेत्रभित्रका वित्तीय अधिकार अन्तर्गत कर निर्धारण एवम् कर संकलन र बाँडफाँटबारे समेत प्रष्टता गरेको छ । यस्ता दोहोरो अधिकार क्षेत्रभित्रका करको दरहरु निर्धारण गर्दा कुनै निश्चित तहलाई तोकेको छ । जस्तै सवारी साधन करको दर निर्धारण र संकलन गर्ने जिम्मेवारी प्रदेशको हुने, घरजग्गा रजिष्ट्रेशन शुल्कको दर निर्धारण प्रदेशले गर्ने र सोको संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने, मनोरञ्जन करको दर र संकलन प्रक्रिया प्रदेशले गर्ने र संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने, पदयात्रा र पर्यटन शुल्कको दर प्रदेशले निर्धारण र संकलन गर्ने र नियमानुसार बाँडफाँट गर्ने गरी जिम्मेवारी तोकिएको छ । यसरी एक अर्का स्थानीय तहका बीच अन्तरसम्बन्धित स्रोत साधनहरुको उत्खनन एवम् परिचालन गर्न अन्तरनिर्भरता हुने भएकोले कसले के गर्ने भन्ने बारेमा अन्यौल नहुने गरी सामञ्जस्यता गर्ने प्रयास गरिएको छ । तसर्थ, स्थानीय तहहरुले स्थानीय तवरले सहयोग र समन्वय गरी स्रोत साधन संकलन र परिचालन प्रभावकारी रुपमा गर्न आवश्यक रहेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ आउनु अगाडी स्थानीय निकायहरु स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ अनुसार संचालन हुदै आएकाले त्यस अनुसार उठाई आएका कर, दस्तुर र सेवा शुल्कहरुलाई थप परिमार्जन सहित स्थानीय सरकार संचालन ऐन, २०७४ (२०७५/११/१९ को संशोधन सहित) आएकोले सो ऐनको आशय बमोजिम अब प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक आयको बारेमा सम्भाव्यता अध्ययन गर्ने र योजनाबद्ध तरिकाले आँकलन र परिचालन गर्न जरुरी भएको छ ।

यस्तो अध्ययन कार्यले स्थानीय तहमा पहिचान नभएका वा परिचालन हुन बाँकी रहेका स्रोत साधनहरुको बारेमा सुझाव र पहिचान भएका स्रोतहरुको उचित व्यवस्थापन गरी आन्तरिक आय संकलन

कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्न सहयोगी योजना निर्माण गर्न बोगटान फुड्सील गाउँपालिका, डोटीले यो राजस्व सुधार कार्ययोजना तयार गरेको छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारको संचालन गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ लागु भएको छ । यसको लागि स्थानीय तहले प्रचलित कानून बमोजिम आर्जन गर्ने श्रोत र वित्तीय हस्तान्तरणको माध्यमबाट प्राप्त गर्ने स्रोत समेतलाई आधार बनाई सम्बन्धित गाउँसभाबाट बजेट पारित गरी कार्यान्वयन गर्नु पर्नेछ । बजेट पारित गर्नका लागि स्थानीय स्रोत र साधन कति छ र कति सम्म परिचालन गर्न सकिन्छ भनि यसको लेखाजोखा र बिश्लेषण गरी आत्मनिर्भर बजेट तर्जुमा गर्नका लागि स्थानीय सम्भाव्यताको बिश्लेषण र प्रक्षेपण गर्नुपर्ने हुन्छ । ऐनको दफा ११, उपदफा (२), घ (१) मा गाउँपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत संघीय कानून तथा प्रदेश कानूनको अधिनमा रही सम्पति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भुमिकर (मालपोत) र मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन गर्न गाउँपालिकाले सत्य तथ्यमा आधारित भई आन्तरिक आयहरुको सम्भावनाका आधारमा बार्षिक बजेट अनुमान गरी प्रस्तुत गर्नुपर्ने र प्रत्येक बर्षका लागि आन्तरिक आयको अनुमान अनुसार बजेटको लक्ष्य बनाउने र आयका नयाँ स्रोतहरुको पहिचान तथा त्यसको परिचालनका उपायहरु खोजी गरी राजस्व संकलन कार्यलाई कानून सम्मत तथा न्यायोचित बनाउन तथा स्थानीय तहको जवाफदेहीता अभिबृद्धि गर्नका लागि यस प्रकारको अध्ययनले सहयोग पुऱ्याउन सक्ने र सबै स्थानीय तहहरुले आन्तरिक आम्दानीको सम्भाव्यता, प्रक्षेपण र सुधार योजना लागु गर्नुपर्ने व्यवस्था रहेको छ ।

## १.३ राजस्व सुधार कार्ययोजनाले राखेको उद्देश्यहरु

बोगटान फुडसिल गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको सम्भावना र विद्यमान समस्याहरूको विश्लेषण गरी सुधारका क्रियाकलाप पहिचान गर्न र सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्ययोजना तयारी गर्नुको मुलभूत उद्देश्य हो । यस कार्ययोजनाका विशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन्ः

- गाउँपालिकाको आय अधिकार तथा राजस्व सुधार कार्ययोजना सम्बन्धमा अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरु, स्थानीय राजस्व परामर्श समितिका पदाधिकारीहरु, शाखा प्रमुखहरू, वडा सचिवहरु, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र वडास्तरका स्थानीय सरोकारवालाहरूलाई अभिमुखिकरण गर्ने ।
- शिर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय बृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरू पहिचान गरी आय प्रक्षेपण एवम् आय सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- गाउँपालिकाको विद्यमान राजस्वका श्रोतहरुको अध्ययन तथा विश्लेषण गरी वर्तमान ऐनको प्रावधान अनुसारका सम्भावनाहरुको खोजी गर्नु ।
- गाउँपालिकाको विगत ३ वर्षको आन्तरिक आयको प्रवृति विश्लेषण गर्नु ।
- आन्तरिक राजस्व वृद्धिका लागि गाउँपालिकाले गरेको प्रयास र लिएको नीति तथा विद्यमान समस्या र चुनौतिबारे बिश्लेषण गर्नु ।
- गाउँपालिकास्तर र वडास्तरमा रहेका प्रमुख सम्भावनाहरुको बारेमा उजागर गर्नु ।

- विगत ३ बर्षको आन्तरिक राजस्व परिचालनको स्थिति र सम्भावित सम्भावनाहरुको आधारमा आगामी तीन बर्षहरुका लागि राजस्व सुधार कार्ययोजना तयार गर्नु ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि वा प्रक्रिया

यो अध्ययन सञ्चालन गर्दा निम्नलिखित विधिहरु अवलम्बन गरिएको थियो ।

- नयाँ ऐन, कानून अनुसारका शिर्षकगत कर शुल्क तथा दस्तुर अन्तर्गतका विवरणहरु प्राप्त गर्न आवश्यक फर्म्याटहरु डिजाइन गरिएको,
- गाउँपालिकामा भएको रेकर्डहरु अध्ययन गरी प्राप्त सूचना तथा जानकारीहरु संकलन गरिएको,
- वडाका जनप्रतिनिधि, स्थानीय सरोकारवालाहरुसँग अन्तरक्रिया गरी वडामा रहेको राजस्व सम्बन्धी सूचना र प्रमुख सम्भावनाहरु बारे जानकारी लिइएको,
- प्राप्त सम्पूर्ण विवरण र जानकारीको आधारमा प्रस्तुत कार्ययोजना निर्माण गरिएको,
- राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शनले मार्ग निर्देशित गरेका विभिन्न विधि तथा फारामहरुको प्रयोग गरिएको ।

प्रस्तुत कार्ययोजना निर्माण कार्य सम्पन्न गर्दा निम्न प्रक्रिया तथा चरणहरु पुरा गरिएको थियो ।

चरण १:गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ, वडाध्यक्ष, बिषयगत शाखाका प्रमुख एवम् कर्मचारीहरुको छलफल ।

चरण २:अध्ययन कार्यदल गठन, राजस्व सुधार कार्ययोजनाको कार्यढाँचाबारे प्रस्तुति र वडास्तरमा आयोजना हुने कार्यक्रमको कार्यतालिका निर्माण तथा समन्वय,

चरण ३:निर्धारित फर्म्याट अनुसार गाउँपालिकाबाट सूचना/जानकारी संग्रहको कार्यतालिका निर्माण,

चरण ४:राजस्वसँग सम्बन्धित सरोकारवाला सहितको गाउँपालिकास्तरीय कार्यशाला गोष्ठि,

चरण ५:वडास्तरमा अभिमुखीकरण सञ्चालन र सोबाट प्राप्त विवरण र गाउँपालिकामा रहेको रेकर्डहरुको तुलनात्मक विश्लेषण र परिमार्जन,

चरण ६:मस्यौदा कार्ययोजना तयारी, प्रस्तुति (पुरावलोकन तथा सुझाव संकलन)

चरण ७:अन्तिम कार्ययोजना पेश ।

## १.५ राजस्व सुधार कार्ययोजनाको सीमाहरु

बोगटान फुडसिल गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको कमी, सीमित समयका कारण यस अध्ययन प्रतिवेदनका आफ्नै सीमाहरू रहेका छन्, जुन निम्नानुसार रहेका छन्:

- अध्ययन तथा विश्लेषण कार्यका लागि प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा बिद्युतीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित जनप्रतिनिधिहरू, वडाध्यक्षहरु, बिषयगतशाखाका प्रमुख एवम् कर्मचारीहरू तथा अन्य सरोकारवालाहरूसँग भएको छलफलका आधारमा सूचनाहरू समावेश गरिएको छ ।
- गाउँपालिकाका आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम र वडातहमा अभिमुखीकरण कार्यक्रम संचालन गरी स्थानीय सरोकारवालाहरुको राय सुझाव र तथ्याङ्कहरू संकलन गरिएको छ ।
- केही ऐन, नियम तथा कानून समयमै बन्न नसकेको अवस्था लगायत अन्य विविध प्राविधिक कारणहरुले गर्दा गाउँपालिका पूर्ण रुपमा संस्थागत विकास हुन नसकेको अवस्था देखिन्छ । जसले गर्दा राजस्व सुधार कार्ययोजना निर्माण सम्बन्धी आवश्यक सूचना तथा तथ्यांकहरु प्रयाप्त मात्रामा प्राप्त हुन सकेन । यी विविध प्राविधिक समस्या र चुनौतीका कारणले अध्ययनलाई पूर्ण तथ्यपरक र परिणाममुखी बनाउन केही कमी भएको महशूस रह्यो ।
- पर्याप्त र भरपर्दो तथ्यांकमा आधारित अध्ययन हुन सकेमा अध्ययन त्यति नै बढी वस्तुपरक र वैज्ञानिक हुन जाने हुँदा यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको आवधिक रुपमा मुल्यांकन गरी थप तथ्याङ्कहरु सहित दस्तावेजलाई अद्यावधिक गर्ने अपेक्षा राखिएको छ ।

परिच्छेद-दुई: बोगटान फुडसिल गाउँपालिका चवराचौतारा, डोटीको संक्षिप्त परिचय

## २.१ बोगटान फुडसिल गाउँपालिका डोटीको संक्षिप्त परिचय

### २.१.१ संक्षिप्त परिचय:

नेपालको सुदूरपश्चिम प्रदेश सेती अञ्चलको डोटी जिल्लामा अवस्थित यस बोगटान फुडसिल गाउँपालिकाको ३००.२२ बर्ग कि.मि क्षेत्रपफल रहेको छ भने यस गाउँपालिकाको पूर्वमा अछाम र सुर्खेत, पश्चिमतिर बडीकेदार गाउँपालिका, उत्तरमा के. आई. सिंह गाउँपालिका र दक्षिणमा सुर्खेत, वडीकेदार गाउँपालिका रहेका छन् । बोगटान गाउँपालिका २०७३ बैशाख ३ गते गाउँपालिका घोषणा गरिएको थियो । साविकका सिमचौर, केदारअखडा, कानाचौर, सातफरी, धिर्कामाणडौं, गगुडा र चवराचौतारा गरी ७ वटा गाविस सम्मेलित अहिलेको यो विशाल बोगटान फुड्सील गाउँपालिका बनेको छ । बि.सं. २०७८ को जनगणना अनुसार यो पालिकामा कुल जनसंख्या १५,५४० रहेको छ ।

### २.१.२ मुख्य पूर्वाधारको अवस्था:

**सडक पूर्वाधार: सडक, बाटो र पुल:** सुदूरपश्चिम प्रदेशको विपिनगर बोगटान दिपायल सडक अन्तरगत यस गाउँपालिकाको वडा नं ०१ सिमचौरको छेडा देखि सोही पालिकाको वडा नं ६ गगुडा सम्म करिब ५० किमि सडक विस्तार भएको छ । यस पालिकाको वडा नं १ देखि वडा नं ७ का सबै बस्तिहरुमा सडक संजाल विस्तार भएको छ । यहाँका जनताहरुलाई आवतजावतमा सजिलो भएको छ । १६ वटा झुलुङ्गे पुलहरु संचालनमा रहेका छन् भने १ वटा झुलुङ्गे पुल निर्माणाधिन अवस्थामा रहेको छ ।

**बिजुली:** यस गाउँपालिकामा उर्जाको क्षेत्र अन्तर्गत वडा नं ४ को पहिलो टुणागाढ २५ किलोवाट र दोस्रो टुणागाढ ३५ किलोवाट, वडा नं ७ को टुणागाढ किलोवाट, वडा नं ५ धिर्कामाण्डौंका समुदायले ११ किलोवाट लघुजल बिद्युत उत्पादन गरी उपभोग गर्दै आईरहेका छन् भने वडा नं १ सिमचौर, वडा नं २ केदारअखडा र वडा नं ३ कानाचौरका समुदायले उर्जाको रुपमा सोलारको प्रयोग गर्दैआरहेका छन् ।

। राष्ट्रिय जनगणना अनुसार कुल ३१६२ घरपरिवार संख्या मध्ये ५०.६ प्रतिशत घरपरिवारको बिजुली, ४६ प्रतिशत घरपरिवारको सोलार, ०.३ प्रतिशत घरपरिवारको मट्टितेल, ०.१ प्रतिशत घर परिवारको बाँयोग्यास र अन्य ३.१ प्रतिशत घर परिवारको अन्य स्रोतमा पहुँच पुगेको अवस्था देखिन्छ

**खानेपानी तथा सिंचाई:** यस गाउँपालिकामा खानेपानीको आपूर्तिको अवस्थालाई विश्लेषण गर्दा राष्ट्रिय जनगणना, २०७८ अनुसार कुल ३१६२ घरपरिवारहरुको मध्ये २८.३ प्रतिशत घरपरिवारको खानेपानी धारा पाईप भित्र रहेको, ६० प्रतिशत घरपरिवारको घरपरिसर बाहिर रहेको, २.७ प्रतिशत घरपरिवारको कुवाको पानी, ७.७ प्रतिशत घर परिवारको मुलधारा, खोलाको पानीमा १.०८ प्रतिशत, बोतलको पानी ०.०३ प्रतिशत र ०.०५ प्रतिशत घर परिवारको पहुँच पुगेको अवस्था देखिन्छ । यस पालिकामा अनुमानित कुल ३० हजार हेक्टर मध्ये खेती योग्य जमिन १५ हजार हेक्टर, खेती गरिएको जमिन १२ हजार हेक्टर बाँझो जमिन ३ हजार, सिंचाई योग्य जमिन ७ हजार हेक्टर र पाखो वा असिंचित जमिन ५ हजार हेक्टर रहेको छ ।

**आर्थिक अवस्था:**

यस गाउँपालिकाको सिंचाईको अवस्थालाई हेर्दा गाउँपालिकाको कूल ३० हजार हेक्टर जमिन मध्ये खेतियोग्य १५ हजार हेक्टर जमीनको ५० प्रतिशत जमिनमा सिंचाई भईरहेको छ । यस गाउँपालिकाको सबै वडाहरु भित्र साना-साना खोला तथा मुहानहरुवाट सिंचाई गर्न कार्य भईरहेकोछ।

**तालिका नं १ बोगटान फुड्सील गाउँपालिका डोटीको प्रशासनिक विभाजन**

| हाल कायम वडा | साविक गा.वि.स. | साविक वडा नं. | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | सिमचौर | १ देखि ९ | १४४४ | १४३८ | २८८२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | केदारअखडा | १ देखि ९ | ७९२ | ७१३ | १५०५ |
| ३ | कानाचौर | १ देखि ९ | ९१८ | ७७५ | १६९३ |
| ४ | सातफरी | १ देखि ९ | १५५४ | १३४३ | २८९७ |
| ५ | धिर्कामाण्डौं | १ देखि ९ | ९७७ | ८३९ | १८१६ |
| ६ | गगुडा | १ देखि ९ | १३९९ | १०४० | २४३९ |
| ७ | चवराचौतारा | १ देखि ९ | ११९७ | ११११ | २३०८ |
| **जम्मा** | | | **८२८१** | **७२५९** | **१५५४०** |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

**२.२ गाउँपालिकाको मानव संशाधनको अवस्था:**

यस बोगटान फुड्सील गाउँपालिका संचालनका लागि अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य र प्रमुख प्रशासकीय अधिकृत सहित १५ सदस्यीय कार्यपालिका रहेको छ। कर्मचारी तर्फ बि.सं. २०८१ साल जेठ मसान्त सम्ममा प्रमुख प्रशासकीय अधिकृत सहित कुल १६६ जना कर्मचारीहरु कार्यरत रहेको देखिन्छ । भने स्थायी तर्फ ७१ जना कर्मचारीहरु, करार तर्फ ८९ जना कर्मचारीहरु र दैनिक ज्यालादारीमा कुल ६ जना कर्मचारीहरु कार्यरत रहको देखिन्छ । :

**तालिका नं २ बोगटान फुड्सील कार्यपालिकाको दरबन्दी तेरिज:**

अनुसूची

गोगटान गाउँपालिका, डोटी

गाउँ कार्यपालिकाको कार्यालयको दरवन्दी तेरिज

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | अन्य सेवाबाट समायोजन हुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | | १ | | | |
| २ | इन्जिनियर | ७/८ औं | इन्जि. | सिभिल | | १ | | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | | २ | | २ | |
| ६ | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ७ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| ८ | कम्प्युटर अपरेटर | ५ औं | विविध | | | १ | | १ | |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| १० | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ११ | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई. | | १ | | १ | |
| १२ | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | १ | | १ | |
| १३ | अ.सब.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | १ | | १ | |
| १४ | स. महिला विकास निरिक्षक | चौथो | विविध | | | १ | | १ | |
| १५ | खा.पा.स.टे. | चौथो/पाचौं | इन्जि. | सिभिल | स्यानीटरी | १ | | १ | |
| कार्यालय तर्फ जम्मा | | | | | | १९ | ० | १८ | - |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ० | |
| वडा कार्यालय (७ वटा) | | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| २ | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ३ | | ३ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| ४ | अ. सब-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ४ | | ४ | |
| ५ | | | | | | | | | |
| वडा कार्यालय तर्फ जम्मा | | | | | | १४ | ० | १४ | |
| कुल जम्मा | | | | | | ३३ | ० | ३२ | |

नोट : कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचनाअनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।
संगठन संरचना भित्र नपरेका सरसफाई, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।
स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे. चौथो र पाँचौ कर्मचारीहरुलाई निजहरुको शैक्षिक योग्यता समेतको आधारमा सब-ई., अ.स.ई. वा प्रा.स. को पदमा कामकाज लगाउन सकिनेछ ।
यस दरबन्दी भन्दा बाहेक गाउँपालिकाका स्थायी कर्मचारीहरुले गाउँपालिकाले खटाए बमोजिमको काम गर्नु पर्ने छ ।

सचिव ।

## २.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था:

यस गाउँपालिकाको मुख्य भौतिक सम्पतिको रुपमा वडा नं ७को चवराचौतारामा गाउँकार्यपालिकाको प्रशासनिक भवन रहेको छ । ४ तले प्रशासनिक भवन निर्माणाधिन भैरहेको छ । त्यसै गरी सात वटै वडा कार्यालयले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् ।

गाउँपालिकाको स्वामित्वमा रहेका औजार तथा उपकरणहरु तर्फ जेसिबि १ वटा, १ वटा पिकअप बोलेरो, मोटर साईकल २३ वटा र स्कुटर १ वटा रहेका छन् । ३ वटा एम्बुलेन्स मध्ये २ वटा संचालनमा रहेको छ । डेस्कटप कम्प्युटर १७, ल्याप टप ६४ वटा, प्रोजेक्टर १ वटा, दराज ५६ वटा, सिसि टिभि क्यामेरा ३० वटा, स्टिल दराज ४ वटा, कुर्ची २१० वटा र डिजिटल क्यामेरा १ वटा आदि रहेको छ ।

## परिच्छेद-तीन: स्थानीय तहको राजस्व अधिकार र आय सम्भावना

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको सवालहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ ।

### ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ:

- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमीकर (मालपोत)
- मनोरञ्जन कर

- दण्ड जरिवाना

संघीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिका वा नगरपालिकाको एकल अधिकार:**

**अ) कर**

- **सम्पत्ति कर:** आफनो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर(मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । (आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)
- **भूमि कर(मालपोत) :** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । (आर्थिक विधेयक २०७५ बाट संसोधित व्यवस्था)
- **घर जग्गा बहाल कर:** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- **व्यवसाय कर:** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- **सवारी कर:** टाँगा, रिक्सा, अटोरिक्सा, बिद्युतीय रिक्सामा ।
- जडिबुटी, कवाडी र जीवजन्तु कर: आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत ।

**आ) शुल्क**

- **बहाल बिटौरी शुल्क:** आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत ।
- **पार्किङ शुल्क:** आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायका सेवामा (खानेपानी, बिजुली, धारा, अतिथिगृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु बधशाला, शवदाह गृह, धोबिघाट, सडक, बसपार्क, पुल आदि।) अचल सम्पत्ति वा अन्य कुनै बिषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

**दर्ता, अनुमति तथा नवीकरण दस्तुर:**

- एफ.एम. रेडियो संचालन, "घ" वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीयस्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर

**उ) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवंम् माटोजन्य बस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्न (केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५बाट संशोधित व्यवस्था)**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो बार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने,
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत, साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- खानेपानी महशुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीयस्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति, स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**क) एकल कर प्रशासन सम्वन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)**

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र बिद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने (ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने ।
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने ।
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरेको मूल्य अभिबृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने ।
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने ।
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बार्षिक रुपमा प्राप्त हुने ।

**ग) अनुदान**

- **<u>वित्तीय समानीकरण अनुदान:</u>** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **<u>सशर्त अनुदान:</u>** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **<u>समपूरक अनुदान:</u>** पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **<u>विशेष अनुदान</u>:** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने बजेट

**घ) वैदेशिक सहायतता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएर मात्र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने ।
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफनो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुको साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।
- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने ।
- **(संवैधानिक व्यवस्था) कर नलाग्ने:** कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवाशको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र । सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

माथि उल्लिखित राजस्व अधिकार सम्बन्धी कानूनी आधारमा यस बोगटान फुडसिल गाउँपालिका, चवराचौतारा, डोटीको सम्भाव्य आय शिर्षकहरुको परिचालनको अवस्था बिश्लेषण गरिएको छ । यस अन्तरगत गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरुको सम्भाव्यता संकलनको अवस्था तथा दरहरुको निर्धारणको अवस्थालाई देहाय बमोजिम पहिचान गरिएको छ ।

**तालिका नं ३ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| **क** | **कर तर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| २ | सम्पत्ति कर | भएको | भएको | भएको |
| ३ | सवारी कर (अटोरिक्सा) | नभएको | नभएको | नभएको |
| ४ | घर बहाल कर | भएको | भएको | भएको |
| ५ | ओखेटोपहारमा लाग्ने कर | नभएको | नभएको | नभएको |
| ६ | कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक | भएको | नभएको | नभएको |

| | | | | |
|---|---|---|---|---|
| | कारोबारमा लाग्ने कर | | | |
| ७ | व्यवसाय कर | भएको | भएको | भएको |
| ८ | जडीबुटी, कवाडी र जीवजन्तु कर | भएको | नभएको | नभएको |
| ९ | बिज्ञापन कर | भएको | भएको | नभएको |
| **ख** | **गैर कर** | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटो जन्य बस्तुको बिक्री | भएको | भएको | नभएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर बिक्री | भएको | नभएको | नभएको |
| ३ | सामुदायिक वन पैदावर बिक्री | भएको | नभएको | नभएको |
| ४ | नक्शापास दस्तुर | भएको | भएको | भएको |
| ५ | व्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| ६ | बहाल विटौरी शुल्क | भएको | भएको | भएको |
| ७ | पार्किङ्ग शुल्क | भएको | नभएको | नभएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| ९ | स्थानीय खानेपानी महशुल | भएको | नभएको | नभएको |
| १० | स्थानीय लघुजल बिद्युत महशुल | भएको | नभएको | नभएको |
| ११ | मनोरन्जन तथा साहसी खेलकुल सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | भएको | नभएको | नभएको |
| १२ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क | भएको | नभएको | नभएको |
| १३ | मूल्याँकन सेवा शुल्क | भएको | नभएको | नभएको |
| १४ | दर्ता, अनुमति तथा नविकरण दस्तुर | भएको | भएको | भएको |
| १५ | ढुङ्गा, गिट्टी, बालुवा, माटो, स्लेटजस्ता बस्तुको सर्भेक्षण उत्खनन तथा उपयोग शुल्क | भएको | नभएको | नभएको |
| १६ | वडामार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| १७ | दण्ड जरिमाना | भएको | भएको | नभएको |

### ३.३ आन्तरिक राजस्व संकलनका प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

#### ३.३.१ स्थानीय कर राजस्व

**(क) एकीकृत सम्पत्ति कर/घरजग्गा कर: (अनुसूची १)**

**हालको अवस्था**: यस गाउँपालिकाको आर्थिक विधेयक, २०७९ राजपत्रमा प्रकाशित मिति २०७९/०३/१४ अनुसार गाउँपालिका क्षेत्र भित्र (साविकको सिमचौर, केदारअखडा, कानाचौर, सातफरी, धिर्कामाण्डौं, गगुडा र चवराचौतारा गाविस) मा अनुसुचि (१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ र एकीकृत सम्पत्ति कर गाउँपालिकाले निर्णय गरेको मिति देखि लागु हुनेछ भनेता पनि हाल सम्म सम्पत्ति कर संकलन हुने भनि अनुमान गरिएको देखिएन ।

**तालिका नं ४ सम्पत्ति कर तथा घरजग्गा कर**

| क्रसं | विवरण | विस्तृत विवरण | करको दर | कैफियत |
|---|---|---|---|---|
| ०१ | पक्की घर | RCC ढलान | २० | |
| ०२ | पक्कि घर | माटो र ढुंगाले बनेको तर प्लाष्टर गरिएको | १५ | |
| ०३ | कच्ची घर | माटो र ढुंगाले बनेको तर सिलेटले छाएको | १० | |
| ०४ | कच्ची घर | माटो र ढुंगाले बनेको तर जस्तापाताले छाएको | ५ | |
| ०५ | कच्ची घर | माटो र ढुंगाले बनेको तर खरले छाएको | ५ | |

**<u>करको सम्भाव्यता</u>:** राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको कुल ३,१६२ घरधुरी रहेको छ । यहि संख्यालाई आधार मानेर सम्पत्ती करको अनुमान गर्न सकिन्छ । विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लेखित घरधुरी संख्या ३,१६२ घरधुरीलाई नै यस अध्ययनको प्रयोजनका लागि कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । हालको सम्पत्ति करको दर हेर्दा प्रति करदाता रु २०० सम्पत्ति कर संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ ।

**तालिका नं ४.१ सम्पत्ति तथा घरजग्गा कर**

| | |
|---|---|
| प्रति करदाता उठ्न सक्ने अनुमानित औसत सम्पत्ति कर (रु) | २००/- |
| सम्पत्ति करदाता (संख्या) | ३,१६२ |
| समग्रमा उठ्न सक्ने कूल सम्पत्ति कर (रु) | ६,३२,४००/- |

**<u>सुधारका पक्षहरु</u>:** सबै करदाताहरुलाई करको दायरामा ल्याउन सम्पत्ति करलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्ने । सम्पत्ति करका सम्बन्धमा गाउँपालिकाले सुधार गर्नुपर्ने बिषयहरु निम्नानुसार रहेको देखिन्छ:

गाउँपालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधानलाई विद्यमान संघीय कानुन बमोजिम हुने गरी परिमार्जन गर्ने ।

- गाउँपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घरको अभिलेख राख्ने।
- सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर पुनरावलोकन गरी यथार्थपरक बनाउने ।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत करको दायरामा ल्याउने ।
- सम्बन्धित करदाताको घरबाटो भएको वा नभएको हो भन्ने सहज तथ्यांक लिने ।
- सम्पत्ति कर र भूमि कर ऐक पटक संकलन गर्ने व्यवस्था मिलाउने गरी नीतिगत निर्णय गर्ने ।

### (ख) भूमि कर (मालपोत): (अनुसूची २)

**<u>हालको अवस्था</u>:** गाउँपालिकाको आर्थिक ऐन, २०७९ ले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गा बाहेकका अन्य जग्गामा भूमिकर लगाउने व्यवस्था गरेको छ । तर चालु आ.व.का लागि आर्थिक ऐनमा जग्गाको क्षेत्रफलका आधारमा मालपोतको दर निर्धारण गरिए अनुसार रु ७ लाख रकम संकलन हुने अनुमान गरिए पनि हाल सम्म रु ६८ हजार ३ सय ३२ रुपैया संकलन भएको छ ।

**तालिका नं ५ भूमि कर**

| क्रसं | मालपोत कर | इकाइ | दर |
|---|---|---|---|
| ०१ | जग्गा रजिष्ट्रेशन शुल्क | एकमुष्ठ | ४.०० प्रतिशत |
| ०२ | अब्बल | ५०० ब.मि | रु २० |
| ०३ | दोयम | ५०० ब.मि | रु १५ |

| | | | |
|---|---|---|---|
| ०४ | सिम | ५०० ब.मि | रु १२ |
| ०५ | चाहार | ५०० ब.मि. | रु १० |

**करको सम्भाव्यता:** गाउँपालिकामा भूमीकर लगाउन योग्य जग्गा र सोको करदाता सम्बन्धी यकीन तथ्यांक उपलब्ध नभएको हुँदा गाउँपालिकाको घरधुरी संख्या ३१६२ लाई आधारमानी यो करको सम्भाव्यता एकिन गरिएको छ । एक घरधुरीमा एकभन्दा बढी व्यक्तिसँग भूमिकर योग्य जग्गा हुन सक्ने र सबै जग्गा धनीले घर निर्माण गरी घडेरी मात्र राख्ने अवस्था समेतलाई ध्यानमा राखी कुल घरधुरी ३१६२ मा केहि थप समेत जम्मा ३२०० जना भूमिकरको अनुमानित करदाता रहेका छन्।

**तालिका नं ५.१ भूमि कर (मालपोत)**

| | |
|---|---|
| प्रति करदाता औसत भूमि कर (अनुमानित रु) | १७५/- |
| कूल भूमिकर करदाता संख्या (अनुमानित) | ३२०० |
| कूल सम्भाव्य भूमि कर (रु) | ५,६०,०००/- |

**सुधारका पक्षहरु:** गाउँपालिकामा भूमि तथा करदाता सम्बन्धी विस्तृत र यकीन तथ्यांक उपलब्ध छैन । यसकारण भूमि र करदाता सम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधिकरणको व्यवस्था गर्नु भूमिकर सम्बन्धमा प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ । थप सुधारका पक्षहरु देहाय अनुसार छन्:

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरेर अथवा मालपोत कार्यालयसँगको समन्वयमा भूमि सम्बन्धी यकीन र विस्तृत तथ्यांक कायम गर्ने,
- आर्थिक ऐनमा गरिएको व्यवस्था कार्यान्वयन गरी भूमि कर संकलन गर्ने ।
- ग्रामीण सडकहरुको नक्साङ्कन, नामाकरण र लगत कट्टाको व्यवस्था गर्ने ।
- आर्थिक ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानुनी व्यवस्था गर्ने ।
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकतानुसार परिमार्जन गर्ने ।

### (ग) घरजग्गा बहाल कर: (अनुसूची ३)

**हालको अवस्था:** गाउँपालिकाले आर्थिक ऐन २०७९ मा उल्लेख गर्दै कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची ३ बमोजिम घरजग्गा बहाल कर लगाइ आम्दानी गरेमा बार्षिक बहाल रकमको १० प्रतिशत कर असुल गर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले प्रभावकारी रुपमा यो कर संकलन गर्न सकेको छैन । हालसम्म संस्थागत रुपमा बहालमा बस्ने संस्थाहरूले अन्य निकायको कानुनी प्रावधानका कारण नबुझाई नहुने भएको खण्डमा मात्र बुझाउने गरेको देखिन्छ ।

**करको सम्भाव्यता:** यस गाउँपालिका क्षेत्रमा करिब २५ वटा व्यक्तिगत तथा संस्थागत घर जग्गा बहाल करका करदाता भएको अनुमान गरिएको छ ।

**तालिका नं ६ घरजग्गा बहाल कर (अनुसूची ३)**

| क्र.सं. | आयका आधारमा बहाल लिने करदाता | बहालमा भएको संख्या | औसत मासिक भाडा रकम | जम्मा बार्षिक भाडा असुली | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | (ख) | (ग) | (घ) | (ङ) |
| | | (क) | अनुमानित | कxखx१२ | प्रतिशत | गxघ |
| १ | व्यक्तिगत प्रयोजनमा | २३ | १५०० | ४१४००० | १० | ४१,४०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भाडामा लगाएका भवनहरु | | | | | |
| २ | सरकारी वा संस्थागत प्रयोजनमा भाडामा लगाएका भवनहरु | २ | २००० | ४८,००० | १० | ४,८०० |
| | जम्मा | २५ | ३५०० | ४६२००० | १० | ४६२०० |

**सुधारका पक्षहरु:**

- बहालमा भएका घरजग्गाको लगत अद्यावधिक गर्ने ।
- घरजग्गा बहाल कर संकलन कार्यविधि निर्माण गर्ने ।
- आर्थिक ऐन वा कार्यविधिमा घरजग्गा बहाल कर नतिरेमा हुन सक्ने दण्ड सजाय सम्बन्धी स्पष्ट प्रावधान राख्ने ।

**(घ) अन्य कर**

**घ.१ व्यवसाय कर: (अनुसूची ४)**

**हालको अवस्था:** यस गाउँपालिकाले आर्थिक ऐन, २०७९ अनुसार ५७ प्रकारका व्यवसायको आधारमा विभाजन गरी करको दर निर्धारण गरेको छ । चालु आर्थिक बर्षदेखि व्यवसाय करको दररेट निर्धारण गरेको भएता पनि व्यवसाय कर भने असुल भएको देखिदैन । चालु आ.ब.को जेठ मसान्त सम्ममा कुल २३१ वटा व्यवसायहरु जस्तै: खुद्रा पसल होटल सहित, सिलाई कटाई सेन्टर, सुनचाँदी गहना पसल, हेयर कटिङ्ग सेन्टर, मेडिकल पसल, कृषि तथा पशु फर्म आरन सुधार आदि मध्ये केही व्यवसायीहरुले मात्र दर्ता गरेका छन् भने अधिकांश व्यवसायहरु दर्ता र नविकरण भएको देखिदैन् । व्यवसाय करका लागि रु ३० देखि १५ हजार सम्म कर उठाउने र साथै व्यवसाय नविकरणकालागि दर्ता शुल्कको आधा रकम लाग्ने व्यहोरा उल्लेख गरेको देखियो ।

**करको सम्भावना:** यस गाउँपालिकाको बजार र बस्ति क्षेत्र (छिडिखान, केदाअखडा, धौलाबस्ती, कानाचौर, द्वारीगाउँ, मेल्टा, लोडेघाट, सातफरी, डौडा, सुन्तडी, कोलाखान, बोगटीगाउँ, बगर, मठघर, चनुकाँडा र चवराचौतारा)मा करिब कुल २३१ वटा व्यवसायहरु संचालन भएका छन् भने ती व्यवसायहरुलाई दर्ता/ नविकरण गर्ने र करको दायरामा ल्याउन सके व्यवसाय कर उठ्न सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:** गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- व्यवसायको लगत संकलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसँग आबद्ध गर्ने ।
- गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि गाउँ कार्यपालिकाबाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- प्रभावकारी रुपमा व्यवसाय कर संकलनका लागि आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग बाणिज्य संघ आदि कार्यालयहरूसंग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजस्व कार्यालयले व्यवसाय संचालनका लागि मूल्य अभिबृद्धि कर तथा स्थायी लेखा नम्बर दर्ता एवं नवीकरण गर्दा स्थानीय तहको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर संकलन प्रभावकारी हुनेछ ।
- विगतको संकलन तथा छलफलका दौरानमा प्राप्त नतिजाका आधारमा हेर्दा जम्मा व्यवसायीलाई ठुला, मध्यम र साना करदाता मानी तीन तहमा वर्गिकरण गरी सम्भाव्यता एकीन गरिनु पर्ने ।
- व्यवसाय दर्ता प्रकृयासंगै बन्द भएका व्यवसायहरु नामसारी तथा खारेजी गर्ने कामलाई पनि तिब्रता दिने ।
- व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि बनाउनु पर्ने ।
- व्यवसायीलाई सम्मान तथा पुरस्कारको व्यवस्था समेत गर्नुपर्ने ।

- व्यवसाय कर संकलन टोली गठन गरी बर्षमा १ पटक कर संकलन अभियान संचालन गर्नुपर्ने ।
- गाउँपालिकाको पूँजीगत बजेटलाई उद्यम विकासमा केन्द्रित गरी स्थानीय उद्यम व्यवसायको प्रवर्द्धन गर्नुपर्ने ।
- साथै अनुदान संचालन सम्बन्धी कार्यविधि निर्माण गरी उद्यम विकास कार्यलाई दीगो र प्रभावकारी बनाउनु पर्ने ।

## घ.२ जडिबुटी, कवाडी जीवजन्तु कर:

**हालको अवस्था:** स्थानीय सरकार संचालन ऐन लागु भए पछि यस शिर्षकबाट आय संकलन गर्ने अधिकार प्राप्त भएसँगै गाउँपालिकाले आर्थिक ऐनमा करका दरहरु निर्धारण गरेको छ । यस शिर्षकमा करका दर निर्धारण भएपनि हालसम्म खासै कर संकलन गरेको पाईदैन ।

**करको सम्भावना:** गाउँपालिकाले आफ्नो बजार क्षेत्रबाट कवाडी मालबस्तु संकलन गर्ने करका दर निर्धारण गरेको देखिएन । गाउँपालिकाले बस्तुको मूल्यको आधारमा कर निर्धारण गरेमा बार्षिक कर संकलन हुन सक्ने सम्भावना देखिन्छ । तथापी मरेका जीवजन्तु तथा जडिबुटी संकलन र बिक्रि वितरणका सन्दर्भमा बिस्तृत जानकारी नभएकोले सोको सम्भावना गणना गरिएको छैन ।

**सुधारका पक्षहरू:** कवाडी, जडिबुटी र मरेको जीवजन्तुको कर संकलनमा सुधार ल्याउनका लागि निम्न बमोजिमका कार्यहरु गर्न आवश्यक देखिन्छ ।

- कवाडी, जडिबुटी र मरेको जीवजन्तुको कारोबार ईजाजत दस्तुर र करको दर निर्धारण गर्ने ।
- कवाडी, जडिबुटी र मरेको जीवजन्तुको व्यवसायिक कारोबार गर्नेलाई ईजाजत पत्र प्रदान गर्ने
- कारोबारको आधारमा कर संकलन गर्ने ।

## घ. ३ साना सवारी कर:

**हालको अवस्था:** वर्तमान कानुनले गाउँपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण तथा सवारी कर संकलन गर्ने अधिकार प्रदान गरेको छ । गाउँपालिकाले आर्थिक ऐनमा बार्षिक सवारी करको दर तथा साना सवारी साधनको दर्ता तथा नवीकरण दस्तुर निर्धारण गरेको छैन । हालसम्म गाउँपालिकाले यो शिर्षकबाट कुनै रकम असुल गरेको छैन भने चालु आ.व.का लागि समेत अनुमान गरेको छैन ।

**करको सम्भावना:** यस गाउँपालिकाले वडा भित्रका सडकहरुको स्तरोन्नती गरेमा साना सवारी साधन (दर्ता र नविकरण) संचालन गरे वापत राजस्व संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरु:** साना सवारीका साधन चल्ने सडक पूर्वाधार निर्माण गर्नु आवश्यक देखिन्छ ।

## (ङ) विज्ञापन कर: (अनुसूची ५)

**हालको अवस्था:** गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानन अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन गाउँपालिकाले गरी संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

विज्ञापन करका सन्दर्भमा गाउँपालिकाको सार्वजनिक स्थलमा विज्ञापन वा साईन बोर्ड राखे वापत एक मुष्ठ रु १ हजार कर लिने व्यवस्था गरेको छ भने ठेक्का प्रक्रिया द्वारा विज्ञापन उठाउनका लागि देहायको दररेट निर्धारण गरी बार्षिक रुपमा कर उठाउने व्यवस्था गरे पनि हाल सम्म विज्ञापन कर संकलन हुन सकेको छैन ।

**तालिका नं ७ विज्ञापन कर**

| क्र.सं. | विज्ञापन कर | दर रु |
|---|---|---|

| | | |
|---|---|---|
| ०१ | होर्डिङ्ग बोर्ड प्रति वर्गफिट | ७५ |
| ०२ | भित्तेलेखन, सटरपेन्टिङ प्रति वर्गफिट | ३० |
| ०३ | तुल यानर एक हप्ता सम्म | १०० |
| ०४ | तुल ब्यानर एक हप्ता भन्दा बढी एक महिना सम्म | २०० |
| ०५ | पोल ब्यानर एक हप्ताभन्दा बढी एक महिना सम्म | २०० |

**करको सम्भावना:** गाउँपालिका क्षेत्रमा हुने विज्ञापन सामग्री सम्बन्धी आवश्यक तथ्याङ्क वा विवरण तयार भए राजस्व संकलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरु:**

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्याङ्क संकलन गर्ने ।
- न्युनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

### (च) मनोरञ्जन कर:

**हालको अवस्था:** अन्तर सरकारी वित्त व्यवस्थापन (संशोधन सहित) ऐन, २०७४ को दफा (५)(घ) अनुसार गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा कर न्युनतम रु ५ देखि अधिकतम रु ३ हजार सम्मको दर लगाइने र असुल गर्ने र सोबाट संकल्न भएको रकम ४० प्रतिशतले हुने रकम प्रदेश सरकारको संञ्चित कोषमा जम्मा गर्ने कानूनी प्रावधान रहेको छ ।

**करको सम्भावना:** यस गाउँपालिकाका क्षेत्रभित्र आयोजना हुने धार्मिक तथा व्यापारिक महोत्सवका अवसरमा हुन सक्ने मनोरञ्जनका गतिविधिहरुलाई मध्यनजर गरी मनोरञ्जन कर संकलन हुन सक्ने सम्भावना रहेको देखिन्छ ।

**सुधारका पक्षहरु:** स्थानीय युवा क्लब, धार्मिक संघ संगठन, उद्योग बाणिज्य संघ लगायत विभिन्न व्यक्ति तथा निकायसँग समन्वय र सहकार्य गर्नुपर्ने ।

### ३.३.२ गैर कर राजस्व:

बोगटान फुडसिल गाउँपालिकाको आन्तरिक राजस्वको महत्वपूर्ण स्रोत करको अलावा सेवा शुल्क, दस्तुर, बिक्रीबाट प्राप्त आय लगायतको गैरकर स्रोत पनि महत्वपूर्ण रहेको छ । यस गाउँपालिकामा यस्ता गैर करका स्रोत परिचालनबाट पनि प्रसस्त साधन स्रोत परिचालन गर्न सकिने देखिन्छ ।

क. बिक्रीबाट प्राप्त

### क.१ स्लेट, ढुँगा, गिट्टी, बालुवा तथा माटोजन्य बस्तु बिक्री:

**हालको अवस्था:** केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क. थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानूनमा स्रोत बाँडफाँटको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिसका आधारमा स्थानीय तहले स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तु बिक्री गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । तथापी यस कर संकलनको सवालमा आर्थिक ऐन, २०७९ मा प्राकृतिक शुल्क उल्लेख भएको देखिदैन भने फुटकर पत्थर वापतको कर तोकिएको देखिन्छ ।

**करको सम्भावना:** यस गाउँपालिकाको क्षेत्रमा ठूला नदीमा सेती नदि, खोलामा ढुणागाढ हरेका छन् साथसाथै ढुँगा खानी, बालुवा, गिट्टी खानी, रातो माटो र कमेरो खानी पनि रहेका छन् । तथापी नदी, खोला र खानीको बातावरणीय अध्ययन भएका छैनन् । गाउँपालिकाले वातावरणीय अध्ययन गरी

नदिजन्य र खानी जन्यपदार्थ बिक्रि तथा निकासी गर्ने परिमाणको यकिन गर्नुपर्ने र आर्थिक ऐनमा दररेटको व्यवस्था गरी सोही बमोजिम यस्ता बस्तुहरु बिक्रिबाट कर संकलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरु:**

- गाउँपालिका क्षेत्रमा भएका सेती नदी र अन्य खोलाहरु रामघाट, ढुणाघाट र अन्य खोला आदिको प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने,
- नदी तथा खोलाका जग्गा धनीहरुको समुह बनाई उनीहरुलाई परिचालन गरी शुल्क उठाउन सकिने,
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने,
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिस गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन हुने कार्य सुनिश्चित गर्ने,
- गाउँपालिकाले अर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

## क.२ सामुदायिक वनको वन पैदावार बिक्रिबाट प्राप्त हुने आय:

**हालको अवस्था:** राष्ट्रिय वनलाई सरकारद्धारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र धार्मिक वनको रुपमा व्यवस्थित गर्न र निजि, सार्वजनिक र शहरी वनको प्रवर्द्धन गर्दै वन्यजन्तु, वातावरण, जलाधार एवं जैविक विविधताको संरक्षण, सम्वर्द्धन र सदुपयोग गरी राष्ट्रिय समृद्धिमा योगदान गर्ने कुरा वन ऐन, २०७६ को प्रस्तावनामा उल्लेख गरिएको छ ।

स्थानीय सरकार संचालन ऐनमा समेत स्थानीयस्तरमा सामुदायिक, ग्रामिण तथा शहरी वन, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्बर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समितिको व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख. मा देहाय बमोजिमको व्यवस्था गरेको छ:

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो बार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।
- वन पैदावरको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

यस पालिकामा रहेका कुल ३५ वटा सामुदायिक वन मध्ये साहारा सामुदायिक वन ४ नं सातफरीले मात्र यस आबमा रु २५ हजार रोयल्टी उठाएको पाईयो भने खोर सामुदायिक वन वडा नं ५ र वडा नं ४ को समुदायको संयुक्त साझेदारीमा संचालन भएको पाइयो ।

**करको सम्भावना:** सामुदायिक वनको सन्दर्भमा यस गाउँपालिकाको क्षेत्र भित्र रहेका कुल ३५ वटा सामुदायिक वन रहेको छ । यस पालिकाको सामुदायिक वनमा विभिन्न किसिमका जडिबुटीहरुमा जस्तै: समयजरा, सत्तु, टिमुर, बोझो, दालचिनि, चैतेफुल, गुर्जो, लोक्ता/अल्लो/बडु, कुरिलो, झ्याउ, खोटो, दाउन, अमला, हरोडो, बरोडो, कालीबासी/कालोअसुरो र कुमकुम आदी पाईन्छ । उक्त सामुदायिक वनहरुको बार्षिक कार्ययोजना गाउँपालिकाले स्वीकृत गर्ने व्यवस्था भए अनुसार राजस्व संकलनमा बृद्धि हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरु:**

- गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुसँग समन्वय गरी यस सम्बन्धी छलफल गर्ने,
- सामुदायिक वन तथा वन पैदावार सम्बन्धी अभिलेख संकलन गर्ने,
- सामुदायिक वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी बार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्ने व्यवस्था मिलाउने,
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

## ख. बहाल विटौरी शुल्क: (अनुसूची ६)

**हालको अवस्था:** गाउँपालिकाको आर्थिक ऐनमा आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको अस्थायी टहरा, छापा, पसल, आवाश, हाटबजार, मेला, जात्रा र सरकारी जग्गामा बनेका संरचनाको उपयोग गरेवापत बहाल विटौरी शुल्क लगाउने र असुल उपर गर्ने कानुनी व्यवस्था रहेको छ । आर्थिक ऐन, २०७९ अनुसार गाउँपालिकाले आफै छाप्रो तथा टहरा निर्माण गरेको हकमा मासिक रु ५ सय देखि रु २ हजार सम्म र व्यक्ति आफैले अस्थायी छाप्रो तथा टहरा निर्माण गरेकोमा प्रति वर्गफिट रु ५ का दरले उठाउने दररेट निर्धारण गरेता पनि हाल सम्म बहाल विटौरी वापतको शुल्क संकलन भएको देखिदैन् ।

**करको सम्भावना:** यस पालिकाको क्षेत्राधिकारभित्र ऐलानी तथा पर्ति जग्गाहरुमा गाउँका बस्तिहरु रहेका छन् । हाल गाउँपालिकाले त्यस्ता स्थानमा बनेका संरचनाहरुलाई समेत बहाल विटौरी शुल्कको दायरामा ल्याउने प्रयास गरियो भने पालिकाको आय आर्जन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरु:**

- ऐलानी तथा पर्ति जग्गाहरुमा बनेका संरचनाहरुको अभिलेख राखी बहाल विटौरी शुल्कको अभिलेख राख्ने,
- हाल सम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी बहाल विटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरी कार्यान्वयन गर्ने,

## ग. पार्किङ शुल्क:

**हालको अवस्था:** स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ११ को उपदफा (२) को क (२) (घ) स्थानीय बजार तथा पार्किङस्थलको रेखदेख र व्यवस्थापनका आधारमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाइने र असुल उपर गरिने कानूनी व्यवस्था रहेको छ ।

**शुल्कको सम्भावना:** यस गाउँपालिकाको क्षेत्रभित्र पर्ने विपिनगर-बोगटान-दिपायल सडकमार्गको स्तरोन्नतीका कार्य तिब्र गतिमा भइरहेको हुँदा यस बोगटान क्षेत्रका जनताहरुले समेत निजि सवारी साधन खरिद गर्ने र त्यसको प्रयोग गर्ने दर बढ्दो देखिएकाले मुख्य बजारक्षेत्रमा पार्किङ पूर्वाधारको व्यवस्था गरेमा पार्किङ शुल्क करको दायरामा आउन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरु:** पार्किङ सेवा सुविधा मार्फत गाउँक्षेत्रको सुन्दरता कायम राख्दै, सवारी साधनलाई व्यवस्थित गरी गाउँवासीहरुलाई सुविधा प्रदान गर्न देहायका कार्य गर्नु पर्ने देखिन्छ:

- गाउँपालिकाको मुख्य बजारक्षेत्रमा पार्किङ पूर्वाधारको विकास गर्ने,
- आर्थिक ऐन संशोधन गरी सवारी साधन वर्गिकरण गरी सोही अनुसार शुल्क निर्धारण गर्ने ।

## घ. नक्सा पास दस्तुर:

**हालको अवस्था:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७, दफा २७ ले कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुँदैन भन्ने कानूनी व्यवस्था गरेको छ । गत आ.ब.मा कुल जम्मा २ वटा घरको नक्शा पास भएको थियो । भने हाल सम्म कुनै पनि व्यक्ति वा निकायले नक्सा पास गराइ भवन बनाएको देखिदैन ।

**दस्तुरको सम्भावना:** यस गाउँपालिकाको क्षेत्रभित्र दिन प्रति दिन नयाँ भवन बनाउने कार्य विस्तारै विस्तारै शुरुवात हुँदै गरेको देखिन्छ भने नयाँ भवन निर्माण हुने र पुराना वा बनि सकेका अधिकांश भवनहरु नक्शा पासको दायरामा आउन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरु:**

- आर्थिक ऐन, २०७९ लाई संशोधन गरी नक्शा पास शुल्क थप गर्ने ।

- नक्शापासको लागि स्थानीय भवन निर्माण संहिता कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने वा राष्ट्रिय भवन निर्माण संहिता अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी आर्थिक ऐन २०७९ मा समावेश गर्ने ।

## ङ. सिफारिस तथा प्रमाणित दस्तुरः (अनुसूची ७)

**हालको अवस्था**: आर्थिक ऐन, २०७९ मार्फत निर्धारण गरे अनुसार गाउँपालिकाका सबै वडाहरुले विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुर उठाउने गरेको पाइयो । आर्थिक ऐन अनुसार सेवा शुल्क दर न्युनतम रु १० देखि अधिकतम रु २ हजार सम्म निर्धारण गरेको छ र अपाङ्गता, अस्थायी बसोबास, छात्रबृति, विपन्न असहाय र स्वास्थ्य उपचार सिफारिस र दैविक प्रकोप प्रमाणित दस्तुर निशुल्क प्रदान गर्ने व्यवस्था रहेको पाईयो । भने यस सिफारिस तथा प्रमाणित शिर्षकबाट चालु आ.व. २०८०/०८१ को जेठ मसान्त सम्ममा १ लाख ५२ हजार ४ सय ५६ रुपैया राजस्व असुल भएको देखिन्छ ।

**दस्तुरको सम्भावनाः** आर्थिक ऐन, २०७९ अनुसार उल्लेख गरिएका सेवा शुल्कहरू जस्तै सेवा शुल्क न्युनतम रु १० देखि अधिकतम रु २ हजार सम्म, उद्योग तथा व्यवसाय दर्ताको लागि गरिने सिफारिस दस्तुर रु ५सय देखि १ हजार ५ सय सम्म, घ वर्गको निर्माण व्यवसायको सेवा शुल्क रु २ हजार सम्म, घरबाटो भए नभएको प्रमाणित रु २ सय सम्म, आय स्रोत प्रमाणित स्वदेशको प्रयोजनको हकमा रु १ सय सम्म, विमा तथा लघुवित्त संस्था सिफारिस दस्तुर रु १ सय देखि १ हजार सम्म यसका साथसाथै आर्थिक ऐनमा भएका व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन हुनसके ठूलो मात्रामा आन्तरिक राजस्व संकलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरुः**

- सिफारिस वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाए सम्म सम्बन्धित अधिकारीले सिफारिस वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरुको शिर्षक सहितको विवरण तयार गर्ने ।
- सम्पत्ति कर बुझाएको छ छैन एकिन गरी बुझाएको भए मात्र सिफारिस वा प्रमाणित गर्ने ।
- वडाबाट संकलित दस्तुरहरुको मासिक रुपमा वडाको बैठकमा राखी छलफल गर्ने र सार्वजनिकका लागि सूचना पाटीमा टाँस गरी गर्ने ।

## च. पर्यटन शुल्कः

**हालको अवस्थाः** तीनै तहका सरकारको साझा अधिकार भित्र पर्ने यो पर्यटन शुल्क यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट गाउँ कार्यपालिकाले तोके बमोजिमको दरमा पर्यटन शुल्क लगाइने र असुलउपर गरिने कानुनी प्रावधान उल्लेख गरिएको छ । तर सो शिर्षकबाट राजस्व संकलन गर्ने अनुमान गरेको देखिदैंन ।

**शुल्कको सम्भावनाः** यस गाउँपालिकाको क्षेत्रभित्र रहेको वडा नं ३ र २ मा रहेको प्रसिद्ध धार्मिक एवम् पर्यटकीय स्थलहरु जस्तै साना केदार र त्रिवेणी धाम (सेती नदि र कर्णाली नदि) रहेको हुँदा सो क्षेत्रको पर्यटकीय क्षेत्रको विकासका लागि संघ, प्रदेश र पालिकाको समन्वय र सहकार्यमा लगानीको वातावरण सृजना गर्न सके आन्तरिक राजस्व संकलनमा ठूलो योगदान पुग्न सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरुः**

- धार्मिक एवंम् पर्यटकीय क्षेत्र विकासका लागि कार्यविधि निर्माण गर्नुपर्ने ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका र सामुदायिक एफ.एम. रेडियोबाट प्रसार प्रसार गर्नु पर्ने ।
- संघ, प्रदेश र जिल्ला स्थित स्थानीय तहहरुसँग समन्वय र सहकार्य गर्नुपर्ने ।

## परिच्छेद-चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई संक्षिप्त व्याख्या गरिएको छ । यसबाट गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

१ करदाताको कर तिर्ने क्षमताको आधारमा करको दर निर्धारण गरी सबै करदातालाई करको दायरामा ल्याइनेछ ।

२ निर्धारित समयभित्र कर बुझाउने करदातालाई केही प्रतिशत कर छुट दिने नीतिलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

३ करदाता सचेतना कार्यक्रम सञ्चालन गरी गाउँपालिका र करदाता वीचको सम्वन्धलाई थप सुदृढ बनाउने नीति लिइनेछ ।

४ राजस्व प्रशासनलाई पारदर्शी, जवाफदेही एवम् राजस्व चुहावटको शुन्य सहनशिलता सुनिश्चित गर्ने नीति लिईनेछ ।

५ स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान पुर्‍याउने किसिमको कर नीति अबलम्बन गरिनेछ ।

६ कर तथा सेवा शुल्कबाट प्राप्त राजस्वलाई सार्वजनिक सेवा र विकास निर्माणका क्षेत्रमा लगानी गरिने छ ।

आन्तरिक राजस्व परिचालन सम्बन्धमा उल्लेखित नीतिहरु कार्यान्वयनका लागि गाउँपालिकाद्धारा देहाय अनुसारका रणनीतिहरु अवलम्बन गरिनेछ :

१ संस्थागत घरबहाल करलाई व्यवसाय करसँग आवद्ध गरी उठाउने र व्यक्तिगत रुपमा बहालकरबाट आयआर्जन गरेका करदाताहरुलाई सम्पत्ति करसँग आवद्ध गरी असुली गरिनेछ ।

२ राजस्व परामर्श समितिलाई थप प्रभावकारी बनाउने र राजस्व शाखालाई प्रविधियुक्त र थप जनशक्ति सहित सुदृढीकरण गरिने छ ।

३ करदाताहरुसँग निरन्तर अन्तरक्रिया र संवाद गरी समयमा कर तिर्न उत्प्रेरित गरिनेछ । गाउँपालिकाका पदाधिकारी तथा पालिकाक्षेत्र भित्रघर तथा जग्गा भएका कर्मचारीहरुले आर्थिक बर्षको शुभारम्भ मै कर तिरी सबै नागरिकलाई कर तिर्न उत्प्रेरणा गर्ने गराइनेछ ।

४ कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवाला हरुको सहभागिता जुटाईनेछ । कर संकलनमा यथासम्भव सरकारी, निजी क्षेत्र, उपभोक्ता समिति, एवम् सहकारी संस्थासँग सहकार्य गरिनेछ ।

५ व्यवसायीहरुले अनलाईन मार्फत आन्तरिक राजस्व कार्यालयमा बुझाउँदै आएको करलाई गाउँपालिकालाई बुझाउनुपर्ने करसँग समेत आवद्ध गरिनेछ ।

६ कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुऱ्याई राजस्व प्रशासनलाई पारदर्शी गराइनेछ।

७ राजस्वको स्रोत बृद्धि गर्न सघाउ पुऱ्याउने पूँजीगत लगानीका आयोजनाहरुमा लगानी बृद्धि गर्दै लगिनेछ ।

## ४.२ आय संकलनको संस्थागत व्यवस्था

बोगटान फुडसिल गाउँपालिकाको राजस्व संकलन सम्बन्धी संस्थागत व्यवस्था देहायानुसार रहेको छः

१) गाउँपालिकामा राजस्व परामर्श समितिले आवश्यकता अनुसार बैठक गर्ने करका दर, दायरा सम्बन्धमा शीर्षकगत छलफल गरी स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने गरेको छ ।

२) हालको लागि लेखाशाखा प्रमुख राजस्व फोकल पर्शनको रुपमा रहेका छन् तर राजस्व शाखा नै खडा नभएको ।

३) ३ नं वडा कार्यालय कानाचौर मा मात्र वडा सचिव रहेको छ भने अन्य वडामा प्राविधिकहरुले वडासचिवको जिम्मेवारी सम्हाल्दै आईरहेका छन् ।

४) कार्यरत कर्मचारीहरूका लागि आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण कमि रहेको देखिन्छ ।

५)स्थानीय तहको राजस्व प्रशासन र व्यवस्थापन सम्बन्धी बिषयमा विशिष्टीकृत तालिम, अध्ययन, अवलोकन भ्रमण लगायत क्षमता विकासका क्रियाकलापहरु कमै मात्र भएको देखिन्छ ।

यस गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार गाउँपालिका उपाध्यक्ष को संयोजकत्वमा राजस्व सम्बन्धी बिषयमा परामर्शका लागि छ सदस्यीय स्थानीय राजस्व परामर्श समिति गठन गरिएको छ ।

**तालिका नं ८ स्थानीय राजस्व परामर्श समितिको विवरण:**

| क्र.सं. | समितिका पदाधिकारीहरु | पद | समितिमा जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | बिष्णा देवि बम | उपाध्यक्ष | संयोजक | ९८४८४०८४७० |
| २ | भरत बहादुर चन्द | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | ९८५८४७७०७६ |
| ३ | राम बहादुर बोहरा | वडा अध्यक्ष | सदस्य | ९८६९५०९०४१ |
| ४ | बिष्णा देवि शाही | कार्यपालिका सदस्य | सदस्य | |
| ५ | डम्मर सिंह बम | उद्योग बाणिज्य संघ | सदस्य | |
| ६ | मिन बहादुर चन्द | लेखापाल | सदस्य सचिव | ९८६८८७००४१ |

यस समितिले समय-समयमा बैठक गर्ने तथा राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी गाउँपालिकामा सिफारिस गर्ने लगायत समितिका काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ । समितिको बैठक बसी गाउँपालिकाले चालु आ.व. २०८०।०८१ मा लगाउने विभिन्न कर तथा गैर करहरुको दररेटको सम्बन्धमा शीर्षकगत रुपमा छलफल गरी स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरेको थियो ।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था:

गाउँपालिकाले प्रचलित संघीय कानुन, प्रादेशिक कानुन तथा स्थानीय कानुनको अधिनमा रहेर स्थानीय राजस्व संकलन गरेको छ । संघीयताको अभ्यासमा लामो अनुभव नभइसकेको अवस्थामा स्थानीयस्तरमा उपलब्ध साधन श्रोत तथा स्थानीय बासिन्दाको कर तिर्ने हैसियत बृद्धि भइ नसकेको अवस्थाले गर्दा कुल आयको तुलनामा आन्तरिक आय अत्यन्त न्युन देखिन्छ ।

**तालिका नं. ९ आन्तरिक आय परिचालनको वर्तमान अवस्था:**

**हजारमा**

| राजस्व संकेत | राजस्व शिर्षक | विगत तीन आ.ब.को यथार्थ आय | | | चालु आ.ब. को | |
|---|---|---|---|---|---|---|
| | | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | जेठ मसान्त सम्मको यथार्थ | प्रस्तावित आय |
| ११३१३ | सम्पत्ति कर | ० | ० | ० | ० | ० |
| ११३१४ | भूमि कर (मालपोत) | ७९३ | ६२८ | ५४८ | ६८.३३ | ७०० |
| ११३१७ | बहाल कर | २५ | ३१४ | १६ | १२ | २० |
| ११३२१ | घरबहाल कर | ० | 0 | 0 | 0 | 0 |
| ११३२२ | बहाल बिटौरी शुल्क | ० | 0 | 0 | 0 | 0 |
| ११४५१ | सवारी साधन कर (साना सवारी दर्ता, बार्षिक सवारी कर) | ० | 0 | 0 | 0 | 0 |
| ११४७२ | बिज्ञापन कर | ० | 0 | 0 | 0 | 0 |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन | ० | 0 | 0 | 0 | 0 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दस्तुर | | | | | |
| ११६१४ | रेडियो एफएम संचालन दस्तुर | ० | ० | ० | ० | ० |
| ११६३१ | कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ० | ० | ० | ० | ० |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | ० | ० | ० | ० | ० |
| ११६९१ | अन्य कर | ० | ० | ०० | ३.२ | १४० |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ० | ० | ५४५ | ४०५.०४ | १३०० |
| १४२११ | कृषि उत्पादनको बिक्रिबाट प्राप्त रकम | ० | ० | ० | ० | ० |
| १४२१२ | सरकारी सम्पत्तिको बिक्रिबाट प्राप्त रकम | ० | ० | ० | ० | ० |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | ० | ० | ० | ० | ० |
| १४२१९ | अन्य सेवा शुल्क | ० | ० | ० | ० | ० |
| १४२२१ | न्यायिक दस्तुर | ० | ० | ० | ० | ० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | ० | ० | ० | ० |
| १४२२४ | परीक्षा शुल्क | २ | ० | ३ | १२ | २० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ० | ० | ० | ० |
| १४२४१ | पार्किङ्ग शुल्क | ० | ० | ० | ० | ० |
| १४२४२ | नक्शापास दस्तुर | ० | ० | ० | ० | ० |
| १४२४३ | सिफारिस दस्तुर | ४४९ | ५०५ | ४४५ | १५२.४९ | ४०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २२५ | १५१ | १५० | ६१.८२ | १५० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ० | ० | ० | ० | ० |
| १४२४९ | अन्य दस्तुर | ७२६ | ८१८ | ०० | ०० | ०० |
| १४२५३ | व्यवसाय रजिष्टेशन दस्तुर | ० | ० | ० | ९५ | २५० |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | ० | ० | ० | २० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना तथा जफत | ० | ० | ० | ० | ० |
| १४५११ | बिमा दावी प्राप्ती | ० | ० | ० | ० | ० |
| १५५२९ | अन्य राजस्व (विविध आय) | ० | ० | १५ | ० | ० |
| १४६११ | व्यवसाय कर | २३ | ० | ५० | ० | ० |
| १५१११ | बेरुजु | ० | ० | ० | ३२९.२२ | १,०० |
| **जम्मा** | | **२४,२३** | **२४,१६** | **१७,७२** | **११,३९,०७** | **१८,३०** |

स्रोत: बोगटान फुड्सील गाउँपालिका, आर्थिक प्रशासन शाखा

प्रस्तुत तालिकामा विद्यमान कानुनी प्रावधान अनुसार स्थानीय सरकारले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा प्रस्तुत गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार उपरोक्त तालिकामा उल्लेखित करका शीर्षकहरु मध्ये ५ देखि ८ वटा शीर्षकमा कर संकलन भएको देखिन्छ । अधिकांश राजस्व शिर्षकमा सम्भावना भएको र दररेट निर्धारण भएकोमा पनि राजस्व संकलन भएको देखिँदैन ।

**तालिका नं १० विगत ३ बर्षको आन्तरिक आय र कुल आय परिचालनको अवस्था** **हजारमा**

| क्रसं | आय शिर्षक | गत ३ आर्थिक बर्षको कुल आन्तरिक आय विवरण | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ अनुमानित आय | २०८०/०८१ **जेठ २७ गते सम्मको यथार्थ आय** |
| १ | आन्तरिक आय | **२४,५८** | **२४,१८** | **१८,७०** | **३१,००** | **११,३९.** |
| २ | सघीय सरकार | **२८,१७,११** | **२८,६०,४१** | **२८,५५,९०** | **३१,६४,६१** | **२८,४३,२०.७८** |
| | १३३११ वित्तीय समानीकरण अनुदान | ८,१० | ८,४१,०० | ८,२१,४० | ७,९८,०० | ५,९१,३९.७८ |
| | १३३१२ सशर्त अनुदान चालु | १९,४०,६४ | १५,४०,०३ | १६,६४,४५ | २०,२७,६१ | २०,१८,१६ |
| | १३३१३ सशर्त अनुदान पूँजीगत | ० | ४,५०,३८ | ३,५७,९५ | १,६४,०० | १,४४,०० |
| | १३३१४ बिशेष अनुदान चालु | ५५,६४ | ० | ० | ० | ०० |
| | १३३१५ बिशेष अनुदान पूँजीगत | ० | ० | १२,०८ | ६०,०० | १९,२० |
| | १३३१६ समपुरक अनुदान चालु | १०,८२ | ० | ० | ० | ०० |
| | १३३१७ समपुरक अनुदान पूँजीगत | ० | २८,९८ | ० | १,१५,०० | ७०,४५ |
| ३ | प्रदेश सरकार | **२,१६,५८** | **१,०४,३०** | **७०,८२** | **१,११,५१** | **६५,५७.२५** |
| | १३३११ वित्तीय समानीकरण अनुदान | ६९५५ | ५७०१ | ५९,९१ | ६३,०१ | ४७,२५.७५ |
| | १३३१२ सशर्त अनुदान चालु | ५६०३ | ० | १०,९१ | ५,५० | ४१२.५ |
| | १३३१३ सशर्त अनुदान पूँजीगत | ० | ० | ० | ४३,०० | १४,१९ |
| | १३३१४ बिशेष अनुदान चालु | ४२७९ | ० | ० | ० | ०० |
| | १३३१५ बिशेष अनुदान पूँजीगत | ० | ४७२९ | ० | ० | ०० |
| | १३३१६ समपुरक अनुदान चालु | ४७,९० | ० | ० | ० | ०० |
| | १३३१७ समपुरक अनुदान पूँजीगत | ० | ० | ० | ० | ०० |
| | १३३१८ अन्य अनुदान चालु | ३० | ० | ० | ० | ०० |
| ४ | **राजस्व बाँडफाँडबाट प्राप्त आय** | **६,५९,१८** | **७,५७,८०** | **७,९२,६१** | **९५५४३.४** | **४,९२,६२.५६** |
| | ११४११ बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिबृद्धिकर | ६,३५,२८ | ५५०४८ | ७७१९१ | ९,२३,६१.०६ | ४,६४,९९.५ |
| | ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क | ० | १८५०५ | ० | ० | ०० |
| | ११४५६ बाँडफाँडबाट प्राप्त हुने सवारी साधान | २३,८९ | २२२५ | २०६९ | २८,४८ | २४,२८.७१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कर | | | | | |
| | १४१५३ बाँडफाँडबाट प्राप्त हुने वन रोयल्टी | ० | ० | ० | ३,३४.३३ | ३,३४.३३ |
| ५ | **दायित्व** | **३,४५,७६** | **२,३६,०८** | **३,१०,७३** | **१,६३,५१** | **१,६३,५१** |
| ६ | **जनसहभागीता** | ० | ० | ० | ० | ०० |
| | **कुल आय** | **१७,३७,४५** | **३८,५०,९९** | **३७,३८,०३** | **४४,२६,०६** | **३५,७६,३१** |
| कुल आयमा आन्तरिक आयको हिस्सा (प्रतिशतमा) | | **१.१०** | **०.५९** | **०.४६** | **०.७** | **०.३** |

विगत ३ बर्षको आन्तरिक आय र कुल आय परिचालनको अवस्था:




### ४.४ राजस्व परिचालनमा रहेका सवालहरु

यस गाउँपालिकाले राजस्व अधिकार क्षेत्रभित्रका केही सम्भावनाहरु उपयोगमा ल्याएको भएता पनि अन्य धेरैजसो शीर्षकहरुमा राजस्व संकलन गर्न बाँकी रहेको छ । समग्रमा यस पालिकाको राजस्व परिचालनको क्षेत्रमा निम्नानुसारका प्रमुख सवालहरु विद्यमान रहेको देखिन्छ:

**(क) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि:**

गाउँपालिकाले आय परिचालन सम्बन्धी सम्पत्ति व्यवस्थापन, घरबहाल, नदीजन्य पदार्थ निकासी, सामुदायिक वन, धार्मिक तथा पर्यटकीय स्थल, स्लेट खानी, जडिबुटी संरक्षण निकासी पैठारी, बाँस निगालोको सामाग्री उत्पादन र सिलाई कटाई तथा हाते होजियारी लगायत अन्य विभिन्न क्षेत्रहरुमा समेत कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी व्यवस्था, अनुगमन जस्ता बिषवस्तु पर्दछन् ।

**(ख) राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास:**

राजस्व संकलन कार्यलाई प्रभावकारी तथा पारदर्शी बनाउन यस सम्बन्धी छुट्टै कार्यविधिहरू, आवश्यक जनशक्ति, कार्यस्थल तथा आवश्यक उपकरण सहितको कार्यवातावरण हुनु आवश्यक छ । राजस्व शाखा तथा वडास्तरमा पर्याप्त कर्मचारी एवम् दक्ष प्रविधिक नभएको कारण राजस्व संकलन कार्यलाई हातेबिल तथा म्यानुअल विधि प्रयोग गर्दैआईरहेको छ । गाउँपालिकाले लेखाशाखा प्रमुखलाई स्थानीय राजस्व परामर्श समितिको सदस्य सचिवको दोहोरो जिम्मेवारी दिइएको पाईयो ।
वडा कार्यालय मार्फत राजस्व संकलन गर्ने कार्यमा वडा नं ३ कानाचौरमा मात्र वडा सचिवले गर्दै आईरहेको अवस्था छ भने अन्य बाँकी वडाहरुमा कृषि तथा पशु प्राविधिकहरुले वडा सचिव र शाखा प्रमुखको जिम्मेवारी सम्हाल्दैं आईरहका छन् ।

**(ग) तथ्याङ्क संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना:**

हाल गाउँपालिकामा सम्पत्ति कर, भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति छ भन्ने यकीन तथ्यांक छैन । एकातिर बिलिङ पद्धतिलाई कम्प्युटरमा आधारित बनाउनुपर्ने देखिन्छ भने अर्कातिर सबै करदाताको लगत संकलन गर्नुपर्ने आवश्यकता रहेको छ । पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भए मात्र कुन शीर्षकमा कर तिर्ने कति करदाता

छन् भन्ने यकीन साथ तुरुन्त भन्न सकिने स्थिति रहन्छ र करदाताको लगत संकलन पश्चात् करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा पनि आँकलन गर्न सकिन्छ ।

**(घ) राजस्व दर निर्धारण तथा प्रचार प्रसार:**

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गर्दा सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुसँग पर्याप्त छलफल भई गाउँसभाबाट स्वीकृत भएको आर्थिक ऐनलाई जनस्तरसम्म प्रचार प्रसार गर्ने सवालमा कमी भएको देखिन्छ । जसको फलस्वरुप विगत आर्थिक बर्षको लक्ष्यानुरुपको राजस्व संकलन नभएको देखिन्छ । जस अनुसार गाउँपालिकाले आर्थिक ऐन अनुसार नागरिक वडा पत्रलाई अद्यावधिक गरी करदाता शिक्षा संचालन, व्यवसाय दर्ता र कर संकलन शिविर संचालनमा पर्याप्त ध्यान दिनुपर्ने देखिन्छ ।

## परिच्छेद-पाँच: राजस्व सुधार कार्ययोजना

पालिकास्तरीय र वडागत रुपमा सूचना विश्लेषण तथा सहभागितामूलक विधिबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना, २०८१ प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

### ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

बोगटान फुड्सील गाउँपालिका डोटीको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला सञ्चालन गरिएको थियो । उक्त कार्यशालामा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरू (वडाध्यक्षहरु), वडा सचिवहरु, शाखाका प्रमखहरु, स्थानीय सरोकारवाला लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यशालामा सहभागीहरू चारवटा समूहमा बसी समूह अभ्यास गरी राजस्व सुधारको मस्यौदा कार्ययोजना तयारी तथा प्रस्तुती गरिएको थियो । गाउँपालिकाको टीम र स्वतन्त्र विज्ञद्वारा संकलित सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तल तालिका बमोजिम तयार गरिएको छ ।

**तालिका नं ११ राजस्व सुधार कार्ययोजना**

| सुधारका लागि गर्नुपर्ने कार्यहरु | लक्ष्य | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| क राजस्वका स्रोतहरुको परिचालन तथा दर निर्धारणमा सुधार | | | |
| **भूमिकर मालपोत** | | | |
| मालपोत कार्यालयबाट जग्गाको अभिलेख प्राप्त गर्ने । | प्राप्त अभिलेख नियमित अद्यावधिक गर्ने र भूमिकरको दर निर्धारण गर्ने । | २०८२ जेष्ठ मसान्त सम्म | नापी शाखा |
| वडागत रुपमा सम्पूर्ण जग्गाको अभिलेख राख्ने र नियमित रुपमा अद्यावधिक गर्ने । | | | रा.प.स. राजस्व शाखा |
| जग्गाको पुनवर्गिकरण गरी मुल्याङ्कनको आधारमा बैज्ञानिक बनाउने । | | | मालपोत |
| जग्गाको मुल्यको आधारमा मालपोत तथा भुमिकरको दर निर्धारण गर्ने । | | | मालपोत |
| विद्यमान कानून अनुरुप मालपोत संकलन गर्ने । | | | वडा कार्यालय |
| **सम्पत्ति कर** | | | |
| हालको एकीकृत व्यवस्थामा रहेको करदाताको अभिलेख अनुसार सम्पत्ति करको करदाता पहिचान गर्ने । | सम्पत्ति कर सम्बन्धी | ०८१ पौष मसान्त | राजस्व शाखा, |

| | | | |
|---|---|---|---|
| सम्पत्ति कर व्यवस्थापन कार्यविधि तयार गर्ने । | कार्यविधि तयारी गरी मालपोत र सम्पत्ति कर एकै पटक लिन सकिने व्यस्था गर्ने । | सम्म | राजस्व परामर्श समिति |
| सम्पत्ति करको दर (संरचना र सोले चर्चेको जग्गा मात्रको मूल्याँकन गरी) निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्ने । | | | राजस्व परामर्श समिति |
| सम्पत्ति कर सम्बन्धी जनचेतना शिविर संचालन गर्ने | | | राजस्व शाखा |
| मालपोत र सम्पत्ति कर एकै पटक लिन सकिने भनि आर्थिक ऐनमा उल्लेख गर्ने । | | | |
| **घर जग्गा बहाल कर** | | | |
| संरचनाको प्रकार र स्थानको आधारमा न्युनतम बहाल मुल्य निर्धारण गर्ने । | घरबहाल कर पुनरावलोकन गरी दायरा बृद्धि गर्ने । | नियमित | राजस्व परामर्श समिति |
| घरजग्गा बहाल करको दर पुरावलोकन गरी आर्थिक ऐनमा समावेश गर्ने । | | | |
| सम्पत्तिको अभिलेखमा बहालमा भएका घरजग्गाको लगत अद्यावधिक गरी घरजग्गा बहाल कर रकम निर्धारण तथा असुल गर्ने । | | | |
| **व्यवसाय कर** | | | |
| सम्भाव्य व्यवसाय करदाता सबैको विवरण संकलन गरी नियमित अद्यावधिक गर्ने । | व्यवसायको कारोबारको परिमाणका आधारमा कर निर्धारण गरी कर संकलन गर्ने । | २०८१ साउन मसान्त | राजस्व शाखा |
| अनलाइन प्रविधिबाट व्यवसाय दर्ता अभिलेख राख्ने । | | बर्षैभरी | वडा र शाखा |
| बार्षिक रुपमा नयाँ व्यवसाय दर्ता तथा नविकरणका लागि शिविर संचालन गर्ने । | | मंसिर मसान्त | राजस्व शाखा |
| **स्लेट, ढुंगा, गिट्टी, बालुवा एवंम् माटोजन्य पदार्थको बिक्री** | | | |
| बाताबरणीय प्रभाव मूल्याङ्कन गर्ने र बिक्रिदर आर्थिक ऐनमा उल्लेख गर्ने । | छिमेकी पालिकासँग समन्वय गरी वातावरणीय प्रभाव परीक्षणका आधारमा नदी जन्य पदार्थको उत्खनन शुरु गर्ने व्यवस्था गर्ने । | २०८१ साउन १ गते देखि | प्राविधिक र राजस्व परामर्श समिति |
| ठेक्का व्यवस्थापन गर्ने । | | | गापा |
| नदीजन्य पदार्थको व्यवस्थित उत्खनन तथा बिक्रिका लागि अनुगमन समितिबाट नियमित अनुगमन गर्ने । | | | राजस्व परामर्श समिति |
| अन्य पालिकासँग सिमाना जोडिएको क्षेत्रमा आउने समस्या समाधानका लागि अन्य निकाय प्रदेश सरकार जिल्ला समन्वय समिति सिमाना जोडिएका स्थानीय सरकार आदिसँग समन्वय गर्ने । अनुगमनलाई नियमित र प्रभावकारी बनाई बाताबरणीय प्रभाव परीक्षण प्रतिवेदनले सिफारिस गरेको परिमाण तथा प्रावधानहरुको पालना सुनिश्चित गर्ने । | | | गापा र राजस्व परामर्श समिति |
| **वन पैदावार** | | | |
| सामुदायिक वन पैदावार बिक्रिबाट प्राप्त हुने रकमको १० प्रतिशत रकम गाउँपालिकामा जम्मा हुने व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने । | सामुदायिक वनको वन पैदावार बिक्रि | साउन १ देखि | राजस्व परामर्श समिति र शाखा |

| | | | |
|---|---|---|---|
| सामुदायिक वनसँग समन्वय गरी वन पैदावार बिक्रि सम्बन्धी तथ्याङ्क संकलन र नियमित अद्यावधिक गर्ने । | वापत को रकम लिन शुरुवात गर्ने । | | राजस्व शाखा |
| सामुदायिक वनको पैदावार बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित शिर्षकमा दाखिला गर्ने । | | | राजस्व शाखा |
| **सेवा शुल्क** | | | |
| सेवा शुल्क लिन सक्ने क्षेत्रहरु अतिथि गृह, सभाहल, औद्यौगिक क्षेत्र, बसपार्क, हाटबजार तथा सार्वजनिक जग्गाको लिज कृषि उपज संकलन केन्द्र, कोल्ड स्टोर तथा अन्य पहिचान गर्ने र पहिचालन भएका आयोजना मध्ये स्वलगानीमा संचालन गर्ने आयोजनाहरुको सम्भावयता अध्ययन गर्ने । | सम्भावित सेवा शुल्क व्यवस्थापन गर्ने । | साउन १ देखि | राजस्व शाखा |
| सार्वजनिक निजि साझेदारीमा सम्पन्न गर्न सकिने आयोजना छनौट गरी कार्यान्वयन प्रक्रिया अघि बढाउने। | | | योजना शाखा, राजस्व शाखा र गाउँ सभा |
| गाउँपालिकाले उपलब्ध गराउने सेवा शुल्कको दरमा समसामयिक परिमार्जन गर्ने । | | | राजस्व परामर्श समिति |
| **दर्ता नविकरण** | | | |
| बिद्यालय स्थापना, "घ" वर्गको ठेक्का इजाजत, एफ.एम.रेडियो संचालन स्थानीयस्तरमा संचालित उद्योग व्यापारिक फर्म आदिको दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गर्ने । | दर्ता नविकरण तथा इजाजत कार्यविधि तयार गरी कार्यान्वयन गर्ने । | साउन १ देखि | राजस्व परामर्श समिति र राजस्व शाखा |
| **सिफारिस तथा प्रमाणित दस्तुर** | | | |
| सिफारिस तथा अन्य सेवाको शुल्कको दर पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गर्ने । | सिफारिस तथा प्रमाणित दस्तुरमा समयानुकुल पुनरावलोकन गर्ने । | साउन १ देखि | राजस्व परामर्श समिति |
| **ख राजस्व परिचालन नीतिमा सुधार** | | | |
| **नीतिगत व्यवस्था** | | | |
| बार्षिक रुपमा आर्थिक ऐनको पुनरावलोकन गर्ने र व्यवहारिक नदेखिएका प्रावधानहरुलाई बार्षिक रुपमा परिमार्जन गर्दै जाने । | आर्थिक ऐन तथा कर नीतिमा बार्षिक सुधार गर्ने । | निरन्तर | राजस्व परामर्श समिति |
